नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)

आलोक नगर, काठमाडौं, नेपाल

सम्माननीय प्रधानमन्त्रीज्यू,

नेपाल सरकार,

सिंहदरबार, काठमाडौं, नेपाल ।

देशको आर्थिक संकट समाधानबारे ज्ञापन पत्र

सम्माननीय प्रधानमन्त्रीज्यू,

देशको अर्थतन्त्र गंभीर संकटतिर उन्मुख भैरहेको छ । देशको आर्थिक संकट समाधानका लागि सरकारले तत्काल चाल्नु पर्ने कदम र अपनाउनु पर्ने आर्थिक रणनीतिको बारेमा प्रतिपक्षी दलको हिसाबले गंभीर जिम्मेवारीको बोध गर्दै यो ज्ञापन पत्र प्रस्तुत गरेका छौं ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

मुलुकमा राजस्वले नियमित खर्च धान्न नसक्ने अवस्था सिर्जना भएको छ । गत मंसिरसम्मको तथ्यांक अनुसार राजस्व उठ्ती २०.७ प्रतिशतले नकारात्मक भएको छ ।

बैंक ब्याज चर्को भएका कारणले ऋणलिएर कारोवार गर्ने अधिकांश साना र मझौला व्यवसायी धराशायी हुने अवस्थामा पुगेको छ । बैंक तथा विभिन्न वित्तीय संस्थाको ऋण तिर्न नसकेर दैनिकजसो किसान तथा साना र मझौला ब्यवसायीहरूले आत्महत्या गरिरहेका छन् । ठूला व्यवसायीहरु पनि गंभीर संकटतर्फ उन्मुख भएका छन् । देशमा गरिखाने वातावरण नभएका कारणले युवाहरुको विदेश पलायन तीब्र भैरहेको छ । दैनिक उपभोग्य सामानको मूल्यमा अत्यधिक बृद्धि हुनुका कारणले आम जनजीवन कष्टकर भएको छ । न्युन आयसमूहका श्रमिक वर्गका मानिस बाँच्नै मुश्किल भएको छ । मुद्रा स्फिति झण्डै बाह्र प्रतिशत (१२%) पुगेको छ । यसले जनजीवनमा व्यापक असन्तुष्टि सिर्जना भएको छ । आम जनतामा निराशा व्याप्त छ, राजनीति र राजनीतिक संस्थाहरूप्रति नै आम जनतामा एकखाले वितृष्णा सिर्जना हुँदै गैरहेको छ ।

उद्योग-व्यवसाय धराशायी हुँदै गएपछि बैंकको ऋण असुलीमा गंभीर समस्या देखिएको छ । यसले गर्दा समग्र बैंकिङ व्यवसाय संकटको डिलमै पुगेको छ । बैंकहरुमा तरलताको चर्को अभाव देखिएको छ । बैंकहरुले आफैंले स्विकृत गरेको ऋण प्रवाह गर्न नसक्ने अवस्था देखिएको छ तथा नयाँ परियोजनाका लागि ऋण प्रवाह गर्न नसकिने अवस्था सिर्जना हुँदै गएको छ ।

वैदेशिक मुद्राको सञ्चितिमा आंशिक सुधार भएता पनि खतराको अवस्था यथावत रहेको छ । वैदेशिक मुद्रा आर्जनको एकमात्र प्रमुख श्रोत विप्रेषण आय रहेको र नेपालीहरुले काम गर्ने देशहरु पनि आर्थिक संकटको सामना गर्न थालेका हुँदा नेपाली कामदार कटौतिको खतरा बढ्दै गएको देखिन्छ ।

सरकारी अनुमान अनुसार नै अनौपचारिक वा भूमिगत अर्थतन्त्रको आकार झण्डै पैंतिस प्रतिशत (३५%) छ । यसले गर्दा अर्थतन्त्रको महत्वपूर्ण हिस्सामा सरकारको नियन्त्रण नरहेको देखिन्छ ।

विदेश निर्यात गर्न सक्ने अवस्थामा पुगिसकेका फलामको डण्डी उत्पादन गर्ने अधिकांश उद्योग विगत सरकारको गलत राजस्व नीतिका कारण बन्द हुने अवस्थामा पुगेका छन् । सिमेण्ट उद्योगहरु आ-आफ्नो क्षमताको जम्मा पचिस प्रतिशत (२५%) मात्र उत्पादन गर्न बाध्य भएका छन् । यति उत्पादनले सिमेण्ट उद्योगहरुको न्युनत्तम लागत पनि उठ्दैन ।

शैक्षिक क्षेत्र अस्तव्यस्त छ । उच्च शिक्षाका लागि युवा विद्यार्थीहरू विदेश पलायन भैरहेका छन् । विगत तीन वर्षमा मात्रै आकर्षक विषय मानिएका र एक वर्ष अघिसम्म भर्ना पाउनका लागि विद्यार्थीहरुको ठूलो संख्याको दबाब झेलिरहेका सरकारी लगानीका कलेज (आंगिक क्याम्पस)हरुले पनि विद्यार्थी भर्नाको कोटा पुरा गर्न नसक्ने अवस्था सिर्जना भएको छ । विद्यार्थी भर्नाको अभावमा निजी क्षेत्रका कलेजहरु धराशायी हुने अवस्थामा पुगेका छन् ।

विगत तीन वर्षअघि शुरु भएको र लगातर दुईवर्ष चलेको कोभिड-१९ को महामारीबाट सिर्जना भएको आर्थिक मन्दीका कारण गंभीर संकटमा परेको संचार क्षेत्र झनै संकटग्रस्त भएको छ । केही मात्रामा उठ्दै गरेको पर्यटन क्षेत्र पुनः संकटतर्फ धकेलिएको छ ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

मुलुकको अर्थतन्त्र विस्तारित नहुनु र संकटग्रस्त हुनुका थुप्रै आर्थिक तथा गैरआर्थिक कारणहरू छन् । लामो समयदेखि आत्मनिर्भर अर्थतन्त्र निर्माणमा समग्र राज्य  र राजनीतिक दल उदासिन रहेका छन् ।

आर्थिक-सामाजिक जीवनका सर्वत्र क्षेत्रमा वित्तीय तथा दलाल पूँजीवादको कब्जा छ र भ्रष्टाचार व्याप्त छ । भौतिक विकासको योजना निर्माण  र बजेट विनियोजनको प्रणाली गलत छ । लामो समयदेखि नेपालको राजस्व र अर्थतन्त्रको निर्भरता आयात आधारित रहेको छ । वैदेशिक रोजगारीमा गएका श्रमिकहरुले पठाएको विप्रेषण आयलाई उत्पादनसंग जोड्न सएिको छैन । विप्रेषण आयको अधिकांश भाग घरायसी उपभोगमा खर्च हुने गरेको छ । विप्रेषण आयलाई उत्पादनमा जोड्नका लागि सरकारले विशेष प्रोत्साहनको योजना अगाडि सार्नु पर्दछ ।

आन्तरिक उत्पादन र उत्पादकत्व दुबै घट्दै गैरहेको छ । गैरपूँजीगत खर्चमा निरन्तर बृद्धि भैरहेको छ र पूँजीगत खर्चमा निरन्तर कमी देखिएको छ । उच्चपदस्थ पदाधिकारीहरूको सुविधामा निरन्तर बृद्धि भएकोले आर्थिक भार थपिएको छ ।

बौद्धिक जनशक्ति तथा विद्यार्थीहरुको विदेश पलायन हुने संख्या निरन्तर बढ्दो छ । मुलुकमा दक्ष श्रमशक्ति मात्र होइन, उत्पादनका विभिन्न क्षेत्रमा प्रयोग हुने आम जनशक्तिको समेत कमी देखिन थालेको छ । आर्थिक रुपमा सक्रिय श्रमशक्ति (युवा)को विदेश गमनका कारणले देशमा श्रमशक्तिको चर्को अभाव भै उत्पादन कार्यमा गिरावट आएको छ । देशमा श्रमशक्तिको अभावका कारणले शारिरिक श्रम लाग्ने उद्योग-व्यवसायमा छिमेकीबाट श्रमिक आयात गर्नु परिरहेको छ । यसले गर्दा नेपालबाट विदेशतर्फ रेमिटेन्स निकासी भैरहेको छ ।

देशको सम्पत्ति र पूँजी पलायन भैरहेको छ । विदेशमा स्थाई बसोवास अनुमतिपत्र (पी.आर.) र उतैको नागरिकता लिएर बसेका नेपालीहरुले नेपालमा रहेको सम्पत्ति विक्री गरी अनौपचारिक माध्यमबाट पैसा विदेश पुऱ्याउने गरेका छन् । यसमा सरकारको कुनै नियन्त्रण छैन ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

देशमा सुशासनको अभाव छ । अति पछौटे र झन्झटिलो सरकारी कार्यप्रणाली छ । सरकारी निकायका हरेक काममा ढिलासुस्ति छ । सरकारी कर्मचारीहरूमा आमरुपमा सेवाभावको कमी देखिन्छ ।

सरकारी निकायको लगानी विरोधी मानसिकता छ तथा सरकारी निकायको व्यवहार र कानुनहरू समेत लगानीलाई हतोत्साहित गर्ने खालका छन् । यहाँसम्म कि वैदेशिक लगानी सहजतापूर्वक भित्र्याउने उद्देश्यले स्थापना गरिएको लगानी बोर्डका विधि र प्रक्रिया नै वैदेशिक लगानीलाई निरुत्साहित गर्ने खालका छन् ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

देशको अर्थतन्त्रमा सुधार ल्याउनका लागि तत्काल अल्पकालिन उपाय अवलम्बन गर्नुका साथै दीर्घकालीन उपायहरू अपनाउन ढिलो गर्नु हुँदैन । यसका लागि हामी तपसिलमा उल्लेखित सुझाव राख्न चाहन्छौं-

१. संविधानमा उल्लिखित आर्थिक नीति कडाईका साथ लागू गरियोस् ।

२. युवा, विद्यार्थी र बौद्धिक जनशक्ति पलायन रोक्नका लागि प्रभावकारी कदम चालियोस् ।

३.कक्षा-८ देखि कक्षा १२ सम्मका पाठ्यक्रममा एक विषय अनिवार्य सीपमूलक तालिम र देशभक्तिपूर्ण पाठहरु राखियोस, जसबाट स्वदेशमै बसेर केही गर्ने र देश बनाउने जिम्मेवारी बोध होस् ।

४.विद्यार्थीहरुको विदेश पलायन रोक्नका लागि देशभित्र विद्यार्थीले पढ्न चाहेका विषयमा पर्याप्त सीट संख्या उपलब्ध गराइयोस् । यसका लागि संभव भएसम्म सरकारी कलेजहरुमा सीट संख्या बढाउने र सरकारी लगानीले नपुग्ने अवस्थामा निजी र सहकारी क्षेत्रमा स्थापित शैक्षिक संस्थालाई सम्बन्धन दिई देशभित्रै पठनपाठन हुनसक्ने वातावरण बनाइयोस् ।

५ अर्थतन्त्रलाई आत्मनिर्भर बनाउनका लागि कृषि उत्पादन बृद्धिमा जोड दिनुको साथै कृषि उपज बिक्रीको प्रत्याभूति गरियोस् ।

६. भौतिक निर्माण-विकासका योजना निर्माण र बजेट विनियोजन प्रणालीमा आमूल परिवर्तन गरियोस् । भौतिक विकास-निर्माणको योजना उत्पादन बृद्धितर्फ, अति आवश्यकताको क्षेत्र छनौट गरेर, रोजगारी बृद्धि हुनेगरी, युवा श्रमशक्ति देशमै अड्याउने योजनाका साथ खर्च गर्ने, सोही अनुसार बजेट विनियोजन गर्ने प्रणाली स्थापित गरियोस् । बहुवर्षीय योजनाका नाममा नाममात्रको बजेट छुट्याउने र वर्षौंवर्षसम्म आयोजना पुरा नहुने परिपाटी अन्त्य गरियोस् ।

७. विद्युतीय उर्जा प्रयोग बढाउँदै लैजाने र जैविक इन्धन आयातमा कटौति गर्दै लैजाने सुनिश्चित आवधिक योजना अगाडि सारियोस् । सस्तोमा विद्युत निर्यात गर्ने र सुखा याममा महँगोमा खरिद गर्ने हालको व्यवस्थामा परिवर्तन गरियोस् । सरकारी लगानीमा निर्माण गर्ने जलविद्युत आयोजनाको

कामलाई तत्काल प्रभावकारी रुपमा अगाडि बढाइयोस् तथा सरकारी लगानीले नपुग्ने अवस्थामा निजी र सहकारी क्षेत्रलाई विशेष सहुलियत दिई विद्युत उत्पादनमा लाग्न प्रेरित गरियोस् ।

८. वैदेशिक लगानी भित्र्याउन सहज व्यवस्था गरियोस् ।

९. अनौपचारिक क्षेत्रमा रहेको वा लुकाइएको रकम अर्थतन्त्रको मूलधारमा ल्याउनका लागि नयाँ नोट जारी गरी पुराना नोट साट्न लगाउने कार्यक्रम तत्काल लागू गरियोस् ।

१०. अर्थतन्त्रलाई दलालतन्त्रको कब्जा र भ्रष्टाचारबाट मुक्त गर्ने अभियान शुरु गरियोस् ।

११. कृषि भूमिको सुरक्षा र भूमिसुधार कार्यक्रम अगाडि सारियोस् । कृषियोग्य भूमि प्लटिङ गरी घडेरी विक्री गर्ने प्रचलनलाई कडाईका साथ नियन्त्रण गरियोस् । समग्र देशको भूसूचना प्रणालीलाई विद्युतीय माध्यमबाट एकीकृत गरियोस् ।

१२. बैंक तथा वित्तीय संस्थाहरुको वचत तथा ऋण नीतिमा तत्काल सुधार गरियोस् । बैंक तथा वित्तीय संस्थाहरूले निक्षेपमा बढीमा ४% (चार प्रतिशत) ब्याज दिन पाउने र ऋण प्रवाहमा बढीमा ७% ( सात प्रतिशत) मात्रै ब्याज लिन पाउने व्यवस्था तत्काल लागू गरियोस् । यसैगरी बचत तथा ऋण सहकारी संस्थाहरुले निक्षेपमा बढीमा ८% (आठ प्रतिशत) ब्याज दिन पाउने र कर्जा दिँदा बढीमा १२ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने व्यवस्था तत्काल लागू गरियोस् ।

१३. समस्याग्रस्त उद्योग तथा व्यवसायले जरिमाना नतिरी कर तिर्ने सुविधा आगामी आषाढ मसान्त २०८० सम्म प्रदान गरियोस् ।

१४. भाखा नाघेका ऋणीहरुले लिएको ऋणको किस्ता र ब्याज तिर्ने अवधि अगामी आषाढ मसान्त २०८० सम्मलाई बढाइयोस् ।

१५. सञ्चार क्षेत्रलाई उद्योगको मान्यता दिई उद्योगले पाउने सुविधा दिइयोस् ।

१६. अब आउने वर्षेबालीका लागि समयमै रासायनिक मल उपलब्ध गराउन अहिलेदेखि नै द्रुत गतिमा काम अगाडि बढाइयोस् ।

१७. महँगी नियन्त्रणका लागि तत्काल प्रभावकारी कदम चालियोस् ।

१८. पैदल मार्ग र सहरका विभिन्न स्थानमा सडक व्यापार गर्ने वर्ग-समुदायका लागि बिहान-बेलुकी निश्चित उपयुक्त समय निर्धारण गरी व्यवसाय गरी बाँच्ने अवसर दिइयोस् ।

१९. असंगठित क्षेत्रका श्रमिकहरूले श्रम ऐनले तोकेबमोजिम ज्याला र सुविधा पाउने व्यवस्थालाई कडाईका साथ लागू गरियोस् ।

२०. खर्चिलो निर्वाचन प्रणालीमा आमूल परिवर्तन गरियोस् । वर्तमान परिपाटी अनुसार हरेक तहको निर्वाचन धेरै खर्चिलो भएको छ । खर्चिलो निर्वाचन प्रणाली भ्रष्टाचारको एक प्रमुख कारक रहेको तथ्यलाई ध्यान दिँदै यसमा आवश्यक सुधार गर्ने तर्फ यस सरकारले तत्कालै पहल गरोस् ।